**स्वीकृत मिति :२०७३/०९/०४**

# युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७३

**<u>प्रस्तावना</u>** : राष्ट्रिय युवा नीति, २०७२ र युथ भिजन २०२५ अनुसार मुलुकमा विभिन्न क्षेत्रमा युवा वर्गमा उद्यमशीलता, सिर्जनशीलता तथा सीपको विकास गरी स्वरोजगार र उद्यमशील भई सीप विकास सम्बन्धी कामको विकास, संरक्षण गर्न सक्रिय युवाका समूहलाई अभिप्रेरित गर्न, उनीहरूमा भएको उद्यमशीलताको कदर गर्दै एक निर्वाचन क्षेत्र भित्रको एक वडाका समूह वा संस्थामा रहेका दश युवा सम्मिलित एक उद्यम कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न युवाहरूमा सकारात्मक सोच एवं रचनात्मक क्षमताको विकास गर्न परिषद्ले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद -१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यो निर्देशिकाको नाम "युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७३" रहेकोछ ।

(२) यो निर्देशिका परिषद्ले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) "युवा उद्यम कार्यक्रम" भन्नाले परिषद्बाट दफा ३ मा उल्लेखित क्षेत्रमा युवा नीति बमोजिम १६–४० बर्ष उमेर समूहका नेपाली युवाहरुलाई लक्षित गरि युवाहरुको समूह वा युवाको संघ संस्थाको माध्यमबाट युवाहरुको सीप, दक्षता बृद्धि गरी सफल व्यवसायी बनाउने राष्ट्रिय अभियानलाई सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

(ग) "परिषद्" भन्नाले राष्ट्रिय युवा परिषद् सम्झनु पर्छ ।

(घ) "युवा" भन्नाले सोह्र वर्ष देखि चालीस वर्षसम्मको उमेर भएको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "प्राथमिकता समूहको युवा" भन्नाले महिला, आदिवासी, जनजाति तथा मधेशी, दलित, मुस्लिम र पिछडिएको क्षेत्रका युवालाई सम्झनु पर्छ ।

(च) "विशेष प्राथमिकता समूह युवा" भन्नाले द्वन्द्व पीडित, जोखिममा परेका युवा, अपाङ्गता भएका युवा र सिमान्तकृत, अल्पसङ्ख्यक युवालाई सम्झनु पर्छ ।

(छ) "उद्यम" भन्नाले जीविकोपार्जन वा आय आर्जनका लागि गरिने सिर्जनात्मक आर्थिक कृ

याकलाप वा व्यवसाय वा उद्योगलाई सम्झनु पर्छ ।

(ज) "समूह" भन्नाले उद्यम सञ्चालन गर्नका लागि निर्माण भएको युवाको समूह सम्झनु पर्छ ।

(झ) “संघसंस्था” भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई अविछिन्न काम गरेका संघ संस्थालाई सम्झनु पर्छ ।

(ञ) “समिति” भन्नाले जिल्ला युवा समिति सम्झनु पर्छ ।

(ट) “अध्यक्ष” भन्नाले जिल्ला युवा समितिको अध्यक्षलाई सम्झनु पर्छ ।

(ठ) “उपाध्यक्ष” भन्नाले परिषद्को उपाध्यक्षलाई सम्झनु पर्छ ।

(ड) “उद्यमी” भन्नाले आय आर्जन गर्ने उद्देश्यले उद्योग ब्यवसाय सञ्चालनका लागि जोखिम बहन गरी लगानी गर्ने ब्यक्ति वा समूहलाई सम्झनु पर्छ।

(ढ) “ब्यवसाय परामर्श सेवा” भन्नाले ब्यवसायको सुसञ्चालन विकास तथा स्तरोन्नतिका लागि प्रदान गरिने प्राविधिक तथा ब्यवस्थापकीय सहयोग र सेवालाई सम्झनु पर्छ ।

(ण) “साझेदार संस्था” भन्नाले कार्यक्रम सञ्चालनका लागि प्राविधिक सेवा र सहयोग उपलब्ध गराई साझेदारीमा काम गर्ने संस्थालाई सम्झनुपर्छ।

(त) “बेरोजगार ब्यक्ति” भन्नाले आय आर्जन हुने कुनै पनि पेशा ब्यवसायमा नियमित रुपमा संलग्न नरहेको तथा कुनै काममा नियमित रुपमा सलग्न नभएको ब्यक्ति सम्झनु पर्छ ।

## परिच्छेद - २

## लक्षित समूह तथा उद्यम क्षेत्र

३. **लक्षित समूह** : (१) सोह्र वर्ष देखि चालीस वर्षसम्मको उमेर समूहका नेपाली युवा (कम्तीमा पनि युवा महिला ५० % ) यस कार्यक्रमका लक्षित समूह हुनेछन् ।

(२) विशेष प्राथमिकताको समूहका युवालाई विशेष प्राथमिकता दिईने छ ।

४. **युवा ब्यवसायिक उद्यम क्षेत्र** : युवाबाट ब्यावसायिक उद्यम गर्न सकिने ब्यावसायिक क्षेत्रहरु देहाय वमोजिम रहने छन् ।

(क) कृषि तथा पशुपंछिमा आधारित उद्यम ब्यवसाय,

(ख) बन (जडीबुटी, बनपैदावार) मा आधारित उद्यम ब्यवसाय,

(ग) विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा आधारित उद्यम ब्यवसाय,

(घ) पर्यटनप्रवर्द्धन (होटेल, होमस्टे, रिसोट) मा आधारित उद्यम ब्यवसाय,

(ङ) निर्माणमा आधारित उद्यम ब्यवसाय,

(च) कलामा आधारित उद्यम ब्यवसाय,

(छ) संस्कृति, साहित्य सृजना, गीत संगीतमा आधारित भई गरिने उद्यम ब्यवसाय,

(ज) परिषद्ले आवश्यकता महसुस गरी छनौट गरिने अन्य उद्यम ब्यवसाय ।

## परिच्छेद - ३

## न्यावसायिक उद्यम छनौटका आधार

५. **न्यावसायिक उद्यम छनौट आधार** : दफा ४ मा उल्लेखित उद्यम क्षेत्रहरूमध्ये कुनै एक क्षेत्रमा कार्य गर्न इच्छुक १० जना युवाको समूह एवं संघ संस्थालाई उद्यम सञ्चालन गर्नका लागि देहायका छनौट आधारहरू निर्धारण गरिएकोछ ।

**(१) युवा उद्यम समूहमा समावेश हुने युवाको न्यूनतम योग्यताः**

(क) १६ (सोह) वर्ष पुरा भई ४० (चालीस) वर्ष ननाघेको नेपाली नागरिक हुनुपर्ने,

(ख) नैतिक पतन देखिने कुनै फौज्दारी अभियोगमा अदालतवाट सजाय नपाएको,

(ग) सरकारी चल अचल सम्पतिको दुरुपयोग नगरेको,

(घ) कम्तीमा आधारभूत तहको (कक्षा ८ उर्तीण गरेका) शिक्षा हाँसिल गरेको,

(ङ) मगज नबिग्रेको ।

**(२) युवा समूहको निर्माणः**

(क) बेरोजगार युवा हुनु पर्ने,

(ख) कम्तीमा ५० प्रतिशत युवा महिला हुनु पर्ने,

(ग) एउटै वडा भित्रका युवा हुनुपर्नेछ ।

तर कुनै वडामा न्यूनतम आधार पुगेका युवा नभएको अवस्थामा मात्र सीमा जोडिएका वडाका युवाको समूहको संस्था वनाउन सकिने छ,

(घ) सिमान्तकृत तथा गरिवीको रेखा मुनि रहेका युवालाई प्राथमिकतामा दिइनेछ,

(ङ) मेडपा, CTEVT, न्यावसायिक सिप प्रशिक्षण केन्द्र आदि जस्ता उद्यम सम्वन्धि तालिम प्रदान गर्ने संस्थाबाट तालिम प्राप्त गरेका युवालाई विशेष प्राथमिकता दिइने छ ।

**(३) समूहका लागि न्यूनतम आधारहरू :**

(क) प्रचलित कानुन बमोजिम दर्ता भई नियमानुसार नवीकरण भएको,

(ख) युवाको हक हितको संरक्षण र सम्बर्द्धन तथा विकासको क्षेत्रमा काम गर्ने उद्देश्य भएको,

(ग) अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन र अनुसूची - २ बमोजिमको ढाँचामा ब्वसायिक कार्ययोजना संलग्न गरेको,

(घ) कालो सूचीमा नपरेको ।

**(४) युवा समूह तथा संघ संस्थाले प्रस्ताव गरेको ब्यावसाहिक प्रस्तावना मूल्याङ्कनका आधारहरू**

| **क्र.स.** | **मूल्याङ्कनका आधारहरू** | **अङ्क(बढीमा)** |
|---|---|---|
| १ | प्रस्तावित उद्यमको व्यवसायिक कार्ययोजना ५ (वर्ष) | २० |
| २ | समावेशी सहभागिता | ५ |
| ३ | स्थानीय श्रोतमा आधारित | १५ |
| ४ | आर्थिक लगानीको सुनिश्चतता | १० |
| ५ | थप रोजगारी सृजना गर्ने | १५ |
| ६ | बजारको सुनिश्चितता | १५ |
| ७ | मानवीय श्रोत(तालिम प्राप्त युवा) | २० |
| जम्मा | | १०० |

दृष्टन्यः**परियोजना छनौटको मुल्य आधारः** MED-PA तथा CTEVT वाट ब्यावसायिक तालिम प्राप्त गरेका सवै भन्दा वढी युवा रहेको निर्वाचन क्षेत्रको वडाबाट आएको उद्यम प्रस्तावलाई विशेष प्राथमिकता दिई माथिका आधारमा परियोजना छनौट गर्नु पर्नेछ र तालिम प्राप्त नगरेका अन्य युवालाई क्रमशः सम्वन्धित संस्थाहरुको सहकार्यमा तालिम प्रदान गदै लैजाने व्यवस्था परिषद्ले गर्नेछ।

## परिच्छेद - ४

## उद्यम छनौट तथा सम्झौता

६. **उद्यम छनौट** : (१) १० युवा १ उद्यम कार्यक्रममा सहभागिताका लागि परिषद्ले इच्छुक युवा समूहको जानकारीका लागि ३० दिने सार्वजनिक सूचना प्रकाशन गरी र उक्त सूचना परिषद्को वेबसाइट www.nyc.gov.np मा समेत राखिनेछ । परिषद्ले सम्पूर्ण जिल्ला युवा समितिको कार्यालयलाई जानकारी गराउनेछ । जिल्ला युवा समितिले पनि सवैलाई सो सूचना जानकारी गराउने गरी सार्वजनिक गर्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि एउटा निर्वाचन क्षेत्रको एक वडा भित्रका ईच्छुक १० जनाको युवा समूह तथा संघ संस्थाले उद्यम सञ्चालन गर्नको लागि निवेदन दिन चाहेमा सोही सूचनामा उल्लेखित म्याद भित्र अनुसूची -१ बमोजिमको ढाँचामा सम्बन्धित जिल्ला युवा समितिको कार्यलयमा निवेदन दिनु पर्नेछ ।

(३) जिल्ला उद्यम छनौट समिति : जिल्ला युवा समितिमा प्राप्त भएका निवेदन र अनुसूची- २ बमोजिमको ढाँचामा व्यवसायिक कार्ययोजना मूल्याङ्कन गरी छनोट गर्न प्रत्येक जिल्लामा देहायको युवा उद्यम प्रारम्भिक छनोट समिति रहनेछ ।

(क) जिल्ला युवा समितिको अध्यक्ष -अध्यक्ष

(ख) प्रतिनिधि, अधिकृतस्तर जिल्ला घरेलु तथा साना उद्योग कार्यालय -सदस्य

(ग) प्रतिनिधि, अधिकृतस्तर जिल्ला कृषि विकास कार्यालय -सदस्य

(घ) प्रतिनिधि, अधिकृतस्तर जिल्ला समन्वय समिति -सदस्य

(ङ) जिल्ला युवा समितिको कार्यालय प्रमुख -सदस्य सचिव

द्ष्टब्य : जिल्ला युवा समितिले उक्त बैठकमा त्यस जिल्लावाट परिषद्मा प्रतिनिधित्व गर्ने सदस्य भए निजलाई नभए त्यस प्रदेशवाट प्रतिनिधित्व गर्ने सदस्यलाई अनिवार्यरुपमा आमन्त्रित गर्नु पर्नेछ ।

(४) जिल्ला उद्यम छनोट समितिले उद्यम छनोट गर्दा आवाश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञहरूलाई आमन्त्रण गरी राय सुझाव लिन सक्नेछ ।

(५) जिल्ला उद्यम छनोट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) समितिले आवश्यक छानविन गरी १० दिन भित्र आफनो राय सहित प्रत्येक निर्वाचन क्षेत्र भित्रको ब्यवसायिक कार्ययोजनाहरू मूल्याङ्कनका आधारमा छनौट गरी उत्कृष्ट ३/३ वटा ब्यावसायिक परियोजना परिषद्मा सिफारिस गरी पठाउनुपर्नेछ ।

तोकिएको म्याँद भित्र प्रस्ताव छनौट गरी पठाउन समय नपुग भएमा परिषदको पूर्व स्वीकृति लिई म्याँद थप गर्न सकिनेछ ।

(७) केन्द्रीय उद्यम छनौट समितिः केन्द्रमा निम्न अनुसारको उद्यम छनौट समिति रहनेछ ।

(क) परिषद्को प्रशासकीय प्रमुख -अध्यक्ष

(ख) मन्त्रालयको युवा शाखा हेर्ने उप-सचिव -सदस्य

(ग) प्रतिनिधि, उप-सचिवस्तर उद्योग मन्त्रालय -सदस्य

(घ) प्रतिनिधि, राष्ट्रिय लघुउद्यमी महासंघ -सदस्य

(ङ) प्रतिनिधि, उद्योग वाणिज्य महासंघ -सदस्य

(च) कार्यकारी समितिको सदस्य मध्येवाट १ जना -सदस्य

(छ) परिषद्को उद्यम शाखा हेर्ने उप-सचिव -सदस्य सचिव

(८) समितिले उद्यम ब्यावसायीक प्रस्तावको विषय क्षेत्र अनुसार अन्य विशेषज्ञहरु आमन्त्रण गर्न सक्नेछ।

(९) केन्द्रीय उद्यम छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(१०) केन्द्रीय उद्यम छनौट समितिले गर्ने कार्यहरु देहाय वमोजिम छन् :

(क) प्रत्येक जिल्लाको निर्वाचन क्षेत्रवाट जिल्ला युवा समितिले छनौट गरी पठाएका तीन/तीन वटा ब्यावसयिक प्रस्तावको विस्तृत अध्ययन, परापर्श गरि प्राथमिकताको आधारमा छनौटका लागि परिषद्को कार्यकारी समितिमा सिफारिस गरी पठाउनुपर्नेछ ।

(ख) समितिले आवश्यक देखेमा ब्यावसायिक प्रस्तावको स्थापन गर्ने क्षेत्रको अनुगमन निरीक्षण गर्नुका साथै सरोकारवालाहरुसँग परियोजना सम्वन्धी सोधपुछ, विचार विमर्श गर्न सक्नेछ ।

(ग) कार्य समितिले आवश्यक निर्णय गरी जिल्ला युवा समितिमा सम्झौता र कार्यान्वयका लागि पठाउने आदि ।

दृष्टव्यः प्रदेश समिति निमार्ण भए पछि प्रदेशमा समेत अनुगमन निरीक्षण समिति रहने र जिल्ला युवा समितिले त्यस्को समन्वय तथा मातहतमा रही कार्य गर्नु पर्नेछ ।

७. **उद्यम सम्झौता** : (१) परिषद्को कार्यकारी समितिवाट छनौट भएका युवा उद्यमको समूह र जिल्ला युवा समिति वीच परिषदले तोकेको ढाँचामा द्विपक्षीय सम्झौता गरिने छ ।

(२) सम्झौता गर्दा युवा समूहका सदस्यहरुको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि तथा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि संलग्न हुनु पर्नेछ ।

(३) सम्झौताको प्रथम पक्ष जिल्ला युवा समिति र दोस्रो पक्ष व्यावसायिक योजनामा छनौट भएका युवा समूह तथा संघसंस्था हुनेछन् । पहिलो पक्षमा जिल्ला युवा समितिका कार्यालय प्रमुख र रोहवरमा जिल्ला युवा समितिका अध्यक्ष हुनेछन् भने दोस्रो पक्षको रोहवरमा समूहका युवाका अभिभावकहरु अनिवार्यरुपमा वस्नुपर्नेछ ।

(४) सम्झौताको तीन प्रति हुनेछ एक प्रति सम्वन्धित युवा समूहलाई एक प्रति जिल्ला युवा समितिमा र एक प्रति परिषद्मा पठाउनु पर्नेछ ।

## परिच्छेद - ५
## कोष तथा लेखा परीक्षण

८. **वजेट** : (१) युवा उद्यम सञ्चालन व्यवसायिक कार्ययोजना परिषद्बाट स्वीकृत भए पछि सम्वन्धित युवा उद्यम समुह समितिको निर्णयानुसार जिल्ला युवा समितिको सिफारिसमा युवा उद्यमी समूहको अध्यक्ष र एकजना लेखा हेर्ने सदस्यको संयुक्त दस्तखतबाट बैंकमा खाता सञ्चालन गरिनेछ ।

(२) प्रस्तावना स्वीकृत भई ऋण प्राप्त गर्ने युवा समूहलाई युवा समूह व्यवस्थापन समितिको निर्णय अनुसार अध्यक्ष र लेखा हर्ने सदस्यको नामवाट खाता खोल्न वैंकलाई जिल्ला युवा समितिले सिफारिस गर्ने र ब्यावसायिक प्रस्तावनाको कुल वजेटको २० प्रतिशत वरावरको रकम उक्त खातामा अग्रिम जम्मा गरी जिल्ला युवा समितिमा भौचर पेश गर्नु पर्नेछ ।

(३) सम्झौता भई फर्मले वैक खातामा २० प्रतिशत रकम जम्मा गरेको एक हप्ता भित्र व्यावसायिक प्रस्तावनाको आधारमा पहिलो किस्ता ५०% रकम र सम्झौता वमोजिम समूह तथा संस्थाले गरेको कार्यप्रगतिको आधारमा बाँकी ५०% रकम सम्बन्धित समूह तथा संस्थाको खातामा निकासा गरिने ।

(४) परिषदले जिल्ला युवा समिति मार्फत व्यबसायिक कार्ययोजना अनुसार रु. ५,००,०००।– ( पाँच लाख) उद्यम सञ्चालनको लागि कार्ययोजनामा उल्लेख गरेको आवश्यक पर्ने प्रविधि व्यवस्थापनको लागि विना व्याज उपलब्ध गराउने छ ।

(५) प्रत्येक समूह तथा संघ संस्थाले प्राप्त भएको रकम २ वर्षसम्म पूर्णरुपमा परिचालन गर्न पाउनेछ । कुल ऋण रकमको तेस्रो वर्ष २० प्रतिशत, चौथो वर्ष ३० प्रतिशत र पाचौं वर्ष ५० प्रतिशत रकम गरी पूर्णरुपमा परिषद्ले तोकेको युवा उद्यम विकास घुम्ती कोष खातामा फिर्ता गर्नु पर्ने छ ।

(६) युवा उद्यम समूहले प्राप्त ऋण व्यवसायको व्यवसायिक कार्ययोजना अनुसार ५ बर्ष भित्र परिषद्ले तोकेको बैंक खातामा फिर्ता गरिसक्नुपर्नेछ। ऋण भुक्तानी कहिले गर्ने भन्ने व्यहोरा ऋण सम्झौतामा उल्लेख भए बमोजिम गर्नुपर्ने छ ।

९. **युवा उद्यम विकास घुम्ती कोष** : **(१)** सञ्चालनको लागि परिषदको छुट्टै बैक खाता रहने छ । यस कोषमा परिषद्को रकम, युवा उद्यममीले ऋण फिर्ता गरेको रकम तथा सहयोगी संघ सस्था, निकायले युवा उद्यम विकासका लागि उपलब्ध गराएको रकम जम्मा हुनेछ।

(२) परिषदले यसरी युवा समूहद्धारा सञ्चालित उद्यमको समूह वा संघसंस्थाबाट फिर्ता भएको रकम युवा उद्यम विकास घुम्ति कोष मार्फत अन्य क्षेत्रका युवा समूहलाई पुनः युवा उद्यमको क्षेत्रमा लगानी विस्तार गर्दै लैजानेछ । युवा उद्यम विकास घुम्ती कोष सञ्चालन सम्वन्धी छुट्टै कार्य विधि बनाई लागू गर्नेछ ।

(३) युवा समूहवाट तोकिएको अवधिमा ऋण रकम फिर्ता नगरेमा दुई पक्ष सम्झौतामा उल्लेख भएबमोजिम र सो उल्लेख नभएकोमा प्रचलित कानून बमोजिम बेरुजु कायम गरी हर्जना सहित (प्रचलित नियमानुसार लाग्ने ब्याज) ऋण रकम निज वा निजका एकाघरका, सगोलका परिवारको चलअचल सम्पत्तिबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

१०. **लेखा परीक्षण** : (१) युवा समूहहरुद्धारा सञ्चालित उद्यमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ ।

(२) उद्यमको आर्थिक कारोवारको लेखापरीक्षण जिल्ला युवा परिषदले सूचिकृत गरेका दर्तावाल लेखा परीक्षक मध्येबाट गराउनु पर्नेछ । यसरी लेखापरीक्षण गराउँदा कार्यक्रमतर्फको नतिजा शृङ्खला (प्रतिफल, उपलब्धी, प्रभाव) का सूचकहरुका आधारमा प्रगति (गुणात्मक, परिणात्मक) विश्लेषण अनिवार्य रुपमा गर्नु पर्नेछ ।

(३) लेखा परीक्षकको प्रतिवेदनलाई सामाजिक लेखा परीक्षण गरी सार्वजनिक गर्ने दायित्व सम्वन्धित युवा समूहको हुनेछ ।

(४) युवा समूहले लेखा परीक्षणको प्रतिवेदन जिल्ला युवा समितिको कार्यालयमा पठाउनु पर्नेछ। जिल्ला युवा समितिले जिल्ला भरिको एकीकृत गरी जिल्लाको राय र प्रगति विवरण सहित परिषद्मा पठाउनु पर्नेछ ।

## परिच्छेद- ६
## सरोकार निकायको भूमिका

११. **जिल्ला युवा समितिको भूमिका** : सूचना जिल्ला भरी सम्प्रेषण गर्ने,फारामहरु वितरण गर्ने,प्रस्तावना दर्ता गर्ने, प्रत्येक निर्वाचन क्षेत्रवाट ३ वटा प्रस्ताव छनोट गरी केन्द्रमा पठाउने, केन्द्रवाट छनौट भएका युवा उद्यम समूहलाई निर्देशिका वमोजिम प्रकृया पूरा गरी सम्झौता गर्ने ,ब्यावसायिक उद्यमको नियमित अनुगमन निरीक्षण गर्ने ,जिल्ला अनुगमन निरीक्षण समितिलाई गर्न लगाउने र परिषद्मा नियमिति प्रगति प्रतिवेदन पठाउने, उद्यमलाई प्रभावकारीरुपमा सञ्चालन गर्न, सहज वजारीकरण गर्नआवश्यक पृष्ठपोषण एवं सहजीकरण तथा आवश्यकतानुसार विज्ञहरुको परामर्शको ब्यवस्था गर्ने । जिल्लामा रहेका उद्यम

सञ्चालमा संलग्न रहेका सरकारी तथा गैर सरकारी निकायहरु बीच समन्वय गर्दै कार्यक्रमलाई प्रभावकारी र परिणाममुखी वनाउने ।

१२. **स्थानीय निकायको भूमिका** ः (१) आफनो क्षेत्रमा स्थापना भएका युवा उद्यमको सफल पूर्वक सञ्चालनका लागि आवश्यक पर्ने सिफारिस, स्थानीय स्रोत साधनको उपलब्धतामा सहजीकरण, अनुगमन निरीक्षण, पृष्ठपोषण, जिल्ला र केन्द्रलाई उद्यमको वारेमा जानकारी उपलब्ध गराउने ।

(२) स्थानीय युवाहरुलाई ब्यावसायिक सीप प्रदान तथा स्वरोजगार गराउन परिषद्लाई आवश्यक पर्ने तथ्याङ्क तथा अन्य विवरण उपलब्ध गराउने आदि ।

१३. **जिल्ला स्थित अन्य निकाय** ः कृषि विकास,घरेलु कार्यालय,जिल्ला विकास कार्यालयको भूमिका जिल्लामा रहेका अन्य सरकारी तथा गैरसरकारी निकाय सँग ब्यावसायिक उद्यमको पहिचान, छनौट, तालिम प्रदान, प्रविधि हस्तान्तरण, स्रोत साधनको उपलब्धता वजारीकरण, ब्यावसायिक परामर्श, पृष्ठपोषण, अनुगमन निरीक्षण, आदि कार्यमा सहकार्य गर्ने ।

## परिच्छेद ७
## केन्द्रमा समन्वय तथा सहकार्य

१४. **समन्वय तथा सहकार्य ः (१)** परिषदमा युवा समूहद्धारा प्रस्तावित उद्यम सञ्चालनको लागि प्रविधिमा सहयोगकोलागि निर्ब्याजी ऋण प्रदान गर्ने मात्र ब्यवस्था भएकोले उद्यमको प्रभावकारी कार्यान्वयनका लागि परिषद्ले विभिन्न सरकारी, गैर सरकारी तथा निजी संघसंस्थाहरुसंग समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

(२) परिषदको मुख्य उद्देश्य बेरोजगार युवा समूहलाई उद्यमशिलताको विकास गरी सफल उद्यम सञ्चालनमा सहयोग गर्ने रहेको र विगत ६ बर्ष देखि नेपाल सरकार, उद्योग मन्त्रालयले पनि यसै उद्देश्य अनुरुप "गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम"(MED-PA) संचालन गरिरहेको अवस्थामा परिषदले उद्योग मन्त्रालयसंग विशेष सहकार्य गर्दै अगाडि बढनेछ ।

(क) सहकार्यको लागि परिषद र उद्योग मन्त्रालयको बीचमा एक समझदारी पत्रमा हस्ताक्षर गर्ने ।

(ख) परिषदको उद्यम विकास कार्यक्रमको प्रत्येक निर्वाचन क्षेत्रको लक्ष्यलाई मेडपाको जिल्लाको लक्ष्यमा नै समावेश गर्ने ।

(ग) परिषद्ले प्रत्येक निर्वाचन क्षेत्रमा युवा समूह छनौट गरी जिल्ला स्तरीय घरेलु तथा साना उद्योग कार्यालय /विकास समितिलाई नामावली हस्तान्तरण गर्ने ।

(घ) मेडपाले परिषदबाट छनौट भएका युवा समूहलाई उद्यमशीलता विकास तालिम र सीप विकास तालिम दिने ।

(ङ) परिषद्ले सोही युवा समूहलाई प्रविधि ब्यवस्थापनको लागि निर्ब्याजी ५ लाख सम्मको रकम ऋणको रुपमा प्रदान गर्ने ।

(च) मेडपाले ती समूहलाई मेडपा मोडलमा आधारित भएर अन्य आवश्यकता अनुसार ऋणमा पहुच, उत्पादनको बजार ब्यवस्थापनका तथा स्तरोन्नतीका लागि सहजिकरण गर्ने ।

(३) परिषद्ले उद्यम कार्यक्रम सञ्चालन गर्ने अन्य निकाय CTEVT, व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, EVENT, युवा स्वरोजगार कोष, बाणिज्य वैंक, वित्तीय संस्था, विमा कम्पनी र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासंग आवश्यकता अनुसार द्विपक्षीय समझदारी (MOU) गरी सहकार्य गर्न सक्नेछ ।

## परिच्छेद- ८

## अनुगमन तथा मूल्याङ्कन

१५. **अनुगमन तथा मूल्याङ्कन** : **(१)** स्थानीय तहमा जिल्ला युवा समिति र जिल्लामा सहकार्य गरिरहेका निकायहरुवाट वनेको जिल्ला अनुगमन समितिवाट गरिनेछ। यस्को प्रतिवेदन परिषद्मा पठाउनु पर्नेछ ।

(२) अनुगमनलाई वढि प्रभावकारी र नतिजामुखी वनाउन जिल्ला युवा समितिले भिन्दै नागरिक समाज, पत्रकार,सरोकारवाला आदिवाट पनि अनुगमन निरीक्षण गराई पृष्ठपोषण तथा सुझावहरु लिन सक्नेछ ।

(३) केन्द्रस्तरवाट परिषद् तथा मन्त्रालय आदि सरोकार निकायवाट अनुगमन निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ ।

(४) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनका लागि केन्द्रस्तरमा रहेको अनुगमन निरीक्षण समिति तथा जिल्ला वा प्रदेशवाट प्रतिनिधित्व गर्ने राष्ट्रिय युवा परिषद्का सदस्यले त्यसको प्रतिवेदन कार्यकारी समिति एवं परिषद्मा पेश गर्नुपर्नेछ ।

(५) परिषद्ले कार्यक्रमको प्रभावकारिता हेर्न तेस्रो पक्षवाट अनुगमन मूल्याङ्कन गराउन सक्नेछ ।

१६. **अनुगमन निरीक्षण समिति** : (१) युवा समूहहरुद्धारा सञ्चालित उद्यमहरूको आन्तरिक समग्र अनुगमन गर्नका लागि देहाय बमोजिमको केन्द्रीय सुपरिवेक्षण तथा अनुगमन समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | परिषद्को उपाध्यक्ष | -संयोजक |
| (ख) | मन्त्रालयको युवा हेर्ने सहसचिव | -सदस्य |
| (ग) | प्रतिनिधि, अधिकृतस्तर उद्योग मन्त्रालय | -सदस्य |
| (घ) | प्रतिनिधि, राष्ट्रिय लघुउद्यमी महासंघ | -सदस्य |
| (छ) | परिषद्को प्रशासकीय प्रमुख | -सदस्य सचिव |

(२) केन्द्रीय सुपरिवेक्षण तथा अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाए बमोजिम हुनेछ ।

(क) जिल्लामा सञ्चालनमा रहेका उद्यमहरुको अनुगमन निरीक्षण गर्ने र कार्यान्वयनमा देखिएका राम्रा पक्षका साथै बाधा, व्यवधान, समस्या तथा त्यसको समाधानका लागि सिफारिस सहितको प्रतिवेदन परिषदमा पेश गर्ने ।

(ख) जिल्ला स्तरीय सुपरिवेक्षण तथा अनुगमन समितिलाई सहजीकरण गर्न आवश्यक निर्देशन दिने र सो को कार्यान्वयन भए नभएको बारेमा जानकार रहने ।

(३) जिल्लामा युवा समूहद्धारा सञ्चालित उद्यमहरूको समग्र अनुगमन जिल्ला युवा समितिले नै गर्नेछ। जिल्ला युवा समितिले आवश्यकतानुसार सम्वन्धित क्षेत्रका विशेषज्ञ तथा पत्रकारलाई आमन्त्रण गरी  सुपरीवेक्षण तथा अनुगमन गराई आवश्यक पृष्ठपोषण गर्ने ।

(४) जिल्ला सुपरिवेक्षण तथा अनुगमन समितिको काम, कर्तब्य र अधिकार देहाए बमोजिम हुनेछ ।

(क) उद्यमको कार्यान्वयन कार्यतालिका अनुसार  भए नभएको एकिन गर्ने र नगरेको पाइएमा सुझाव दिने, सचेत गराउने ।

(ख) कार्यान्वयनमा सहजीकरण गर्ने र बाधा, ब्यवधान, समस्या समाधानका लागि आवश्यक निर्देशन दिने ।

(ग) सम्पन्न कामहरुको Verification and Validation गर्नेर तथ्याङ्क अध्यावधिक राख्ने ।

(घ) तोकिएको समयमा उद्यम सञ्चालन सम्बन्धी सम्झौता बमोजिमको कार्य नगरेको पाइएमा नियमानुसारको कारवाही प्रक्रिया अगाडि बढाउने ।

(ङ) अनुगमन प्रतिवेदन परिषद्मा पठाउने ।

## परिच्छेद- ८

## प्रतिवेदन

१७. **प्रतिवेदन** : (१) उद्यम विकास संस्थाले परिषद्सँग गरेको सम्झौता भएको एक महिना भित्र प्रारम्भिक प्रतिवेदन  जिल्ला युवा समितिको कार्यालयमा पेश गर्नु पर्नेछ । त्यसपछि अनुसूची- ३ वमोजिमको ढाँचामा मासिकरुपमा वित्तीय र भौतिक प्रगति पठाउनु पर्नेछ ।

(२) प्रत्येक २ महिनाको ७ गते भित्र प्रगति प्रतिवेदन र चार महिनामा चौमासिक प्रगति प्रतिवेदन तयार गरि जिल्ला युवा समितिले परिषद्मा पठाउनु पर्नेछ ।

(३) जिल्ला युवा समितिले यसरी प्राप्त प्रतिवेदनलाई विश्लेषण गरी आफनो  कार्यालयवाट सम्पादन गरेका कार्यलाई समेतसमावेश गरी प्रत्येक महिनाको २० गते भित्र परिषद्मा प्रतिवेदन पठाउनु पर्नेछ ।

(४) केन्द्रीय सुपरिवेक्षण तथा अनुगमन समितिले जिल्लामा सञ्चालनमा रहेका उद्यमहरुको अनुगमन निरीक्षण गरी कार्यान्वयनमा देखिएका राम्रा पक्षका साथै बाधा, ब्यवधान, समस्या तथा त्यसको समाधानका लागि सिफारिस र जिल्ला युवा समितिको प्रतिवेदलाई समेत समेटेर प्रतिवेदन तयार गरी राष्ट्रिय युवा परिषद्मा पठाउनु पर्नेछ ।

## परिच्छेद- १०

## पुरस्कार तथा दण्ड सजाय

१८. **पुरस्कार** ः युवा उद्यम कार्यक्रमलाई प्रभावकारी र नतीजामुखी वनाउन निम्न सूचकका आधारमा उच्चतम अंक हाँसिल गर्ने उद्यम ब्यवसायी समूह तथा संस्थालाई नगद तथा प्रमाण पत्रवाट पुरस्कृत गरिने छ ।

(क) अधिकतम रोजगार सिर्जना गर्ने,

(ख) स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग गर्ने,

(ग) निर्यातमा वृद्धि र आयातमा प्रतिस्थापन योगदान पु¥याएको,

(घ) उत्पादन गरिएका सामाग्रीहरुको गुणस्तर कायम भएको,

(ङ) उद्यमको विकासले स्थानीय समुदाय तथा क्षेत्रमा पारेको सकारात्मक प्रभाव,

(च) उद्यमले सम्वन्धित निकायमा समयमा गर्ने गर्ने प्रतिवेदन सूचना सम्प्रेषण,

(छ) परिवारको आयमा भएको बृद्धिको अवस्था,

(ज) कार्य योजना अनुसार कार्य सम्पादन प्रगति गरेको आदि ।

१९. **दण्ड सजाय** ः (१) उद्यमी संस्थाले प्रस्ताव गरिए वमोजिमको सम्झौता गर्न नआएमा त्यस्ता उद्यमी संस्थालाई परिषद्वाट सञ्चालन गरिने कार्यक्रमहरुमा सहभागि गराईने छैन ।

(२) उद्यमी संस्थासँग सम्झौता भईसकेपछि सम्झौता अनुसार गुणस्तर एवं मात्रामा कार्य सम्पन्न नगरेमा तथा परिषद्बाट दिइएको वजेट हिनामिना गरेमा उक्त समूह तथा संघसंस्थावाट क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ ।

## परिच्छेद-११

## विविध

२०. **सहयोग गर्नुपर्ने** ः यस निर्देशिका बमोजिम युवा उद्यम विकास सञ्चालन कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तब्य हुनेछ ।

२१. **निर्देशनको पालना** ः मन्त्रालय र परिषद्ले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

२२. **निर्देशिकासंसोधन गर्न सक्ने** ः परिषद्ले आवश्यकता अनुसार यो निर्देशिका संसोधन गर्न सक्नेछ ।

२३. **वाधा अड्काउ फुकाउने** ः यो निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा आइपरेमा परिषद्ले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**अनुसूची - १**

**(दफा ६ को उपदफा २ सँग सम्बन्धित)**

## युवा उद्यम छनौटको लागि दिइने निवेदनको ढाँचा

मिति ...................................

**श्रीजिल्ला युवा समितिको कार्यालय**

.........................................................................

विषय : **न्यावसायिक उद्यम सञ्चालनका लागि निवेदन पेश गरेको ।**

उपर्युक्त सम्बन्धमा हामी तपशिलका ब्यक्तिहरुले .......जिल्लाको .......निर्वाचनक्षेत्र अन्तरगतको ........नगरपालिका/गाँउपालिकाको वडा नं............मा ............................. ब्यावसायिक (उद्यमको नाम) देहायको ब्यावसायिक क्षेत्रमा सञ्चालन गर्न चाहेको हुनाले त्यस परिषद्बाट प्रविधि ब्यवस्थापनको लागि युवा उद्यम सञ्चालन निर्देशिका, २०७३ वमोजिम उपलब्ध गराइने ऋण सहयोग पाँउ भनी निर्देशिकाले निर्धारित गरेको शर्तहरुमा मन्जुर गरी तपसिल अनुसारको विवरण सहितको आवश्यक कागजात संलग्न राखी यो निवेदन पेश गरेका छौँ ।

**संस्थागत विवरण**

१.युवा समूहको नाम : ................................... २.युवा समूहको ठेगाना :जिल्लाः .....................गाउँपालिका/ नगरपालिका.................................

वडा नं.....................................स्थानः........................... ३.समूह/उद्यमको दर्ता नं : .......... ४.दर्ता भएको जिल्ला : ........

५.दर्ता मिति : .................... ६.नवीकरण मिति : .......... ७. स्थायी लेखा नम्बर भए (PAN) :.................१३.सम्पर्क ब्यक्तिको नामः ..................................पदः........................ठेगाना ः ................................सम्पर्क नम्बर : ....................समूह अध्यक्षको नाम .................

समूह/उद्यमको छाप .....

६.निवेदकयुवासमूहका सदश्यहरुको विवरण :

| क्र.स. | नाम थर | पद | उमेर (जन्म मिति) | शैक्षिक योग्यता | स्थायी ठेगाना न.पा/गा.वि.स,वडा ) | सर्म्पक फोन | ईमेल | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:**

१. एउटै वडाको १६ देखि ४० वर्षका उमेरका १० जना युवा (कम्तिमा पनि ५० प्रतिशत महिला) को सूची थान - १

२. युवा समूह प्रचलित कानून वमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि थान - १

३. सम्बन्धित निकायमा संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि तथा संस्था नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

४. ५ वर्षे व्यावसायिक कार्ययोजना (व्यावसायिक उद्यम कृषि, वन, पशुपङ्क्षी, विज्ञान, सूचना प्रविधि, सञ्चार, कला संस्कृति, पर्यटन प्रवर्द्धन, निर्माण आदि स्थानीय स्रोत साधनमा आधारित हुनुपर्नेछ) थान - १

५. व्यावसायिक उद्यम सञ्चालन गर्ने समूहका सदस्यहरूको नागरिकताको प्रतिलिपि थान - १०

६. व्यावसायिक उद्यम सञ्चालन गर्ने समूहका सदस्यहरूको माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (कम्तिमा आधारभूत तह कक्षा ८ उतिर्ण गरेको हुनुपर्नेछ) थान - १०

७. सम्बन्धित वडा कार्यालयको यस वडाका बेरोजगार युवा भएको सिफारिस पत्र थान - १

८. व्यावसायिक उद्यम सञ्चालन गर्नका लागि आवेदन दिने समूहले गरेको निर्णयको प्रतिलिपि थान - १

**अनुसूची -२**

**(दफा ६ को उपदफा ३ सँग सम्बन्धित)**

# व्यवसायिक कार्ययोजनाको ढाँचा

तल उल्लेख गरिएका विवरण सहितको प्राविधिक प्रस्तावको ढाँचामा  निवेदन साथ पेश गर्नु पर्नेछ।

१.उद्यमको नामः ............................   व्यावसायिक उद्यमको क्षेत्रः.......................दर्ता नंः.......दर्ता भएको कार्यालयः..........

२.उद्यमको सञ्चालन गर्ने ठेगानाः  जिल्ला..................निर्वाचन क्षेत्र नं................ गाविस/नपा.......... वडा नं........... स्थान.........

३.यस उद्यमको सञ्चालन गर्नाका मुख्यउद्देश्यहरु के  के हुन ?

४.तपाईहरुले यो उद्यम किन गर्न रोज्नु भएको हो ?

५.यो उद्यम यहाँको कार्यक्षेत्र- जिल्ला, गाविस, ग्रामीण बजार केन्द्रमा किन आवश्यक छ ?अहिले यस वडा वा नजिकमा के कस्ता लघु उद्यम व्यवसायहरु संचालित छन् र जिल्ला गाविस बजार क्षेत्रमा सम्भाव्य उद्यमहरु (श्रोतको उपलब्धता, लक्षित समुदायको चहना वा रुची, बजारको माग) को अवस्था कस्तो छ ?

६.उद्यमको कार्यान्वयनका लागि  तपाईको संस्थाका अनुभवहरु के के छन् ?

७.यो उद्यमका लागि योजना तर्जुमा गर्दा (प्रस्तावित कार्यक्षेत्रमा) क-कसको सहभागीता रह्यो ? लक्षित समुदाय (विशेष गरी महिला, विपन्न समुदायका सदस्यहरुलाई लघु उद्यमीका रुपमा विकास गर्नका लागि उद्यमीको विचार के थियो ?

८.यो उद्यम सञ्चालन गर्नाका लागि के कस्ता दक्ष जनशक्ति आवश्यक पर्दछन् त्यसको ब्यवस्था कसरी गरिएको छ?

९.यस उद्यमलाई आवश्यक पर्ने कच्चा पदार्थ के के हुन ? कसरी व्यवस्था गरिन्छ ?

१०.यो उद्यम सञ्चालन गर्नाका लागि आवश्यक पर्ने मेसिनरी सामान के कस्ता आवश्यक पर्दछन र ब्यवस्था कसरी गरिन्छ ?

११.यो उद्यम सञ्चालन गर्नाका लागि आवश्यक पर्ने इन्धन उर्जा के कस्ता हुन र ब्यवस्था कसरी गरिन्छ ?

१२.यो उद्यम सञ्चालन गर्नाका लागि के कस्तो खालको परामर्श आवश्यक पर्ने सोचिएको छ त्यस्को  ब्यवस्था कसरी गरिन्छ ?

१३.यो उद्यम सञ्चालन गर्दा वातावरणलाई के कस्ता असर पर्दछ? त्यसलाई ब्यवस्था कसरी गरिन्छ ?

१४.यो उद्यम सञ्चालन गर्दा  प्रत्येक्ष र अप्रत्य के कति थप रोजगारी सृजना गर्दछ ?

१५. यो उद्यम सञ्चालन गर्ने स्थान, घर, फर्निचर आदिको व्यवस्थापन कसरी गरिएको छ ?

१६.यो उद्यम सञ्चालन गर्न कुल लागत के कति छ ? वित्तिय  ब्यवस्था कसरी गरिन्छ ?

१७. यो उद्यम सञ्चालन गर्नाका लागि  परिषद्वाट रु.५लाख (पाँच लाख) सम्म निर्ब्याजी रकम उपलव्ध गराउने छ उक्त रकम २ वर्ष सम्म पूर्णरुपमा परिचालन गर्न पाउने र तेस्रो वर्षको अन्तमा रु. एक लाख (२० प्रतिशत), चौथो वर्षको अन्तमा रु एक लाख पचास हजार (३० प्रतिशत), पाचौ वर्षको अन्तमा रु दुई लाख पचास हजार(५० प्रतिशत)आवश्यक पर्ने रकम फिर्ता गर्ने ब्यवस्थाको सुनिश्चिचता कसरी गरिएको छ?

१८.यो उद्यम सञ्चालनमा आउन सक्ने जोखिमहरु के कस्ता देख्नुभएको छ ? ती जोखिमलाई कसरी हल गर्ने सोच्ननुभएको  छ।

१९.उद्यमीहरु विशेष गरी अशिक्षीत महिला विपन्न समुदायका हुने भएकाले उद्यमशीलता र प्राविधिक सीपको विकास कसरी सुनिश्चित गर्नुहुन्छ।

२०.उद्यमका उपलब्धी (output) र परिणाम (Outcomes) लाई कसरी दिगो बनाउन सकिन्छ ?
२१. उद्यमका गतिविधि, प्रगतीको अनुगमन तथा मूल्याङ्कन र सुपरिवेक्षण कसरी गर्नुहुन्छ ?
२२.उद्यमका गतिविधिहरुको उपलब्धी र परिणामहरुको अभिलेख कसरी राख्नुहुन्छ ? उद्यमी समूह र उद्यमीको तहमा प्रगती र सिकाइहरुको अभिलेख कसरी राख्नुहुन्छ ?
२३.प्रत्येक क्रियाकलाप/गतिविधिको कार्यादक्षता मूल्याङ्कन कसरी गर्नुहुन्छ ?
२४. नियमित कार्यसम्पादन प्रतिवेदन कसरी तयार गर्नु हुन्छ ?
२६.यो उद्यम सञ्चालनमा उद्यमी युवासमूहका अभिभावकहरुको ऋणमा जमानत वस्नु पर्ने भएकाले त्यसको सुनिश्चिता कसरी गरिएको छ ?

**२७.निवेदक युवासमूहका सदश्यहरुको विवरण :**

| क्र.स. | नाम थर | लिङ्ग | उमेर(जन्म मिति) | शैक्षिक योग्यता | पहिले कुनै पेशामा काम गरेको छ/छैन छ भने कति समय गर्नु भयो । | उद्यमसंग सम्वन्धित व्यावसायिक तालिम प्राप्त छ/छैन | तालिम लिएको भए कुन संस्थाको नाम | व्यावसायिक उद्यमसंगको अनुभव छ /छैन भए के कस्तो कति को छ? | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |
| ८ | | | | | | | | | |
| ९ | | | | | | | | | |
| १० | | | | | | | | | |

राष्ट्रिय युवा परिषद्को युवा उद्यम सञ्चालन निर्देशिका २०७३ वमोजिम व्यावसायिक उद्यम सञ्चालन गर्न मञ्जुर छौ ।
आवेदन दिने उद्यमि युवासमूहका सदश्यहरुको हस्ताक्षर:

१ नाम.................................... हस्ताक्षर..........................
२.नामः..................................... हस्ताक्षरः.........................
३ नाम.................................... हस्ताक्षर..........................
४.नामः..................................... हस्ताक्षरः.........................
५ नाम.................................... हस्ताक्षर..........................
६.नामः..................................... हस्ताक्षरः.........................
७ नाम.................................... हस्ताक्षर..........................
८.नामः..................................... हस्ताक्षरः.........................
९ नाम.................................... हस्ताक्षर..........................
१०.नामः..................................... हस्ताक्षरः.........................

मितिः....................................

**अनुसूची - ३**

**(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)**

## प्रगति प्रतिवेदनको ढाँचा

**नियमित प्रगति प्रतिवेदनको ढाँचा**

१) जिल्लाको नाम :

२) युवा उद्यम समूहको नाम :

३) कार्यक्रमको परिचय :

४) कार्यक्रमको उद्देश्य :

५) उद्यम व्यवसाय संचालनको विधि/प्रक्रिया :

६) उद्यममा सम्लग्न युवाहरुको विवरण (जातिगत, लिङ्गगत) :

| **क्रसं.** | **क्रियाकलाप** | **लक्ष्य** | **संख्यात्मक विवरण** | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | दलित | जनजाति | वाहुन क्षेत्री | मधेसी | अन्य | कैफियत |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

७) उद्यम संचालन स्थान :

८) उद्यम संचालन भएको मिति :

८) उद्यम संचालन अवधि :

८) हाल सम्म उद्यमले गरेको मुख्य कार्य प्रगति :-

१०) उद्यम संचालन गर्दा आइपरेका समस्याहरु.................................................

११) ती समस्याहरु समाधानका लागि गरिएका प्रयासहरु ..................................

१२) यस वर्ष अनुगमन गरेको पटक :

१२) अनुगमनवाट प्राप्त मुख्य मुख्य सुझावहरु र कार्यान्वयनका लागि गरिएका प्रयासहरु :.........................

क) मुख्य सुझावहरु ...........................

.................................................................

ख) कार्यान्वयनका लागि गरिएका प्रयासहरु........................

..................................................

ग) केन्द्रवाट गर्नुपर्ने केही भए ......................

...........................................................................................................

१२) प्राप्त उपलब्धीहरु............................................................

१३) निष्कर्ष :.............................................................

१४) सुझाव......................................................................................

१५) अनुसूचीहरुः

क) युवा उद्यम समूहको वैठकको निर्णय उतार प्रति

ख) कार्यक्रमवारे सरोकारवालाहरुलाई जानकारी गराएको कागज/प्रमाणका प्रतिलिपिहरु

ग) कार्यक्रम शुरु भएको जानकारी पत्र (विभिन्न निकायलाई लेखिएको पत्रका प्रतिलिपिहरु)

घ) कार्यक्रम अनुगमन तथा निरीक्षणको सिलसिलामा लेखेको मन्तब्यको प्रति

ङ) कार्यक्रमसँग सम्वन्धित फोटो र प्रतिवेदनको विद्युतिय प्रति

च) संचालित कार्यक्रमसँग सम्वन्धित हाजिरी विवरण, भरपाई विवरण आदिको प्रति र अन्य केही भए उल्लेख गर्ने ।

छ) अन्तिम प्रतिवेदनको एक प्रति विद्युतिय प्रति समेत उपलब्ध गराउने ।